# सूर्यगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**चोकदे, नुवाकोट**
**बागमती प्रदेश, नेपाल**

# करार सेवामा लिने सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०७७/०६/०७**

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प.सं. २०७७/०७८, च.नं. मिति २०७७/०५/२३ को प्राप्त पत्रानुसार हाल विश्वभर कोरोना भाईरस (कोभिड-१९) को संक्रमण फैलिने क्रम अझै बढ्दो स्थिति सृजना हुने सन्दर्भमा संक्रमीत विरामीहरुलाई अस्पताल बेडको अभाव देखिने हुनाले एक स्थानीय तहमा कम्तिमा ५ बेडको अस्पताल संचालनको लागि आवश्यक बेड लगायतका उपकरण र जनशक्ति व्यवस्थापनको प्रयोजनार्थ स्थानीय तहमा कोभिड-१९ अस्थायी अस्पताल संचालन सम्बन्धी मार्गदर्शन २०७७ मा उल्लेख भए बमोजिम यस गाउँ कार्यपालिकाको निर्णयानुसार यस गाउँपालिकामा रहेको स्वास्थ्य चौकीमा समेत सोहि अनुसार अस्पताल संचालन र व्यवस्थापनको लागि आवश्यक तपशिल बमोजिमका पदमा करार सेवामा देहायको संख्या र योग्यता भएको कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरखास्त पेश गर्नु हुन जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| विज्ञापन नं. | पद नाम | तह | संख्या | शैक्षिक योग्यता | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| 04/077/078 | डक्टर (मेडिकल अधिकृत) | ८ औं | १ | एम.वि.वि.एस. कोर्स उतीर्ण गरेको, नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको । | १५००।- | |
| 05/077/078 | स्टाफ नर्स | ५ औं | २ | पि.सि.एल. नर्सिङ्ग विषयमा प्रवीणता प्रमाण पत्र तह उतीर्ण गरेको, सम्बन्धीत परिषद्मा दर्ता भएको प्रमाण पत्र । | १०००।- | |

**१) न्युनतम शैक्षिक योग्यता र अनुभव :**

नेपाली नागरिक ।
सम्बन्धित परिषद्मा दर्ता भएको प्रमाण पत्र ।
अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।
माथि उल्लेखित सम्पूर्ण विज्ञापनको उमेरको हकमा दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष पुगि ४० वर्ष ननाघेको ।

**२) दरखास्तमा संलग्न गर्नुपर्ने :** उम्मेदवार व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित कानुन बमोजिम सम्बन्धीत काउन्सिल वा परिषद्मा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्ने छ ।

**३) परीक्षाको किसिम :** लिखित परीक्षा तथा अन्तरवार्ता र कार्यविधि अनुसार । डक्टर पदको हकमा लिखित परीक्षा बाहेकको प्रकृया बमोजिम हुनेछ । कार्यालय सहयोगी पदको छनौट अन्तरवार्ताबाट मात्रै हुनेछ ।

**४) दरखास्त दिने अन्तिम मिति :** २०७७/०६/२१ गते सम्म सोहि दिन विदा परेमा भोलीपल्ट कार्यालय खुल्ने समय भित्र ।

**५) सेवा सुविधा :** कार्यालयको नियम अनुसार ।

**६) करार अवधि :** शुरु ३ महिना र निर्णयानुसार हुने ।

**प्रमुख प्रशासकीय अधिकृत**